**आकाशवाणी समाचार- नेपाली**
**मितिः ०६ अप्रेल २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- सरकारले खरीफ सिजन २०२६ का लागि फस्फेटिक र पोटासियम युक्त उर्वरकहरुमा अनुदान दरहरूलाई स्वीकृत गरेको छ।
- विदेशमन्त्री डा. एस जयशंकर आजदेखि मौरिसस र संयुक्त अरब अमिरातको भ्रमणमा रहनुहुनेछ ।
- सरकारले आज देशभरिका खानी र बिजली संयन्त्रहरूमा कोइलाको पर्याप्त भण्डार रहेको बताएको छ।
- असम, केरलम र केन्द्र शासित प्रदेश पुडुचेरीमा आज विधानसभा चुनावको लागी मतदान हुँदैछ।
- केन्द्रीय नागरिक उड्डयन मन्त्री राममोहन नायडुले घरेलु विमानन कम्पनीहरुको_ लागि राहत उपायहरुको घोषणा गर्नुभएको छ ।
- महिला एव बाल विकास मंत्रालयले आज देशभरि पोषण पखवाड़ाको 8औ संस्करणको आयोजना गरिरहेको छ 1

**सरकार -खरीफ सीजन 2026 -अश्विनी वैष्णव**

सरकारले खरीफ सिजन २०२६ का लागि फस्फेटिक र पोटासियम युक्त उर्वरकहरुमा अनुदान दरहरूलाई स्वीकृत गरेको छ। आज नयाँ दिल्लीमा संवाददाताहरूलाई जानकारी दिनुहुदै सूचना एवम् प्रसारण मन्त्री अश्विनी वैष्णवले यस परियोजनामा लगभग ४१ हजार ५ सय ३४ करोड रुपियाँ खर्च हुने बताउनु भयो । उहाले भन्नुभयो -यो निर्णयले कृषकहरुलाई सहुलियत, सस्तो र उचित मूल्यमा मल उपलब्ध गराउनेछ । सरकारले जयपुर मेट्रोको दोस्रो चरणमा प्रह्लादपुरादेखि तोडी मोड़सम्मको ४१ किलोमिटर लामो कोरिडोरलाई पनि स्वीकृति दिएको छ ।

1-Byte-अश्विनी वैष्णव

**विदेशमन्त्री डा. एस जयशंकर**

विदेशमन्त्री डा. एस जयशंकर आजदेखि मौरिसस र संयुक्त अरब अमिरातको भ्रमणमा रहनुहुनेछ । श्री जयशंकरले आफ्नो भ्रमणको पहिलो चरणमा ९औँ हिन्द महासागर सम्मेलनमा भाग लिन मौरिससको भ्रमण गर्नुहुनेछ। आफ्नो भ्रमणको क्रममा विदेश मन्त्रीले मौरिससका नेतृत्वसँग भेट गर्नुहुनेछ र द्विपक्षीय सम्बन्धको सम्पूर्ण आयामको समीक्षा गर्नुहुनेछ। उहाँले ९ औं हिन्द महासागर सम्मेलनमा पनि मुख्य भाषण दिनुहुनेछ। यस सन्दर्भमा डा. जयशंकरले सहभागी अन्य देशका समकक्षीहरूसँग चर्चा गर्ने अपेक्षा गरिएको छ। यस भ्रमणले भारतको छिमेक प्रथम नीति, भिजन महासागर र ग्लोबल साउथप्रति प्रतिबद्धतालाई जोड दिन्छ। भ्रमणको दोस्रो चरणमा विदेशमन्त्रीले यही महिनाको ११ देखि १२ तारिखसम्म संयुक्त अरब अमिरातको भ्रमण गर्नुहुनेछ ।

**असम -आज मतदान**

असम, केरलम र केन्द्र शासित प्रदेश पुडुचेरीमा विधानसभा चुनावका लागि आज मतदान हुँदैछ। असमका सबै १२६ सिट, केरलमका १४० र पुडुचेरीका ३० सिटका लागि एकै चरणमा मतदान हुँदैछ । मतदान बिहान ७ बजेदेखि साँझ ६ बजेसम्म चल्नेछ । निर्वाचन आयोगले स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण मतदान सुनिश्चित गर्न विस्तृत व्यवस्था गरेको छ ।

3- Byte-पुदुचेरी

**सरकार -अंतरमंत्रालयी ब्रीफिंग**

सरकारले आज देशभरिका खानी र बिजली संयन्त्रहरूमा कोइलाको पर्याप्त भण्डार रहेको बताएको छ। नयाँ दिल्लीमा हिज पश्चिम एसियामा हालैका घटनाक्रमहरूमाथि अन्तर-मन्त्रालय ब्रिफिङलाई सम्बोधन गर्नुहुदै कोइला मन्त्रालयका सहसचिव

सञ्जीव कुमार कासीले भन्नुभयो-पश्चिम एसियामा जारी संघर्षको पृष्ठभूमिमा कोइलाको मूल्यमा कुनै वृद्धि भएको छैन र कोइलाको पर्याप्त भण्डार कायम गरिएको छ। पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयका सहसचिव सुजाता शर्माले देशभरि एलपीजी , पेट्रोल र डिजेल पर्याप्त मात्रामा उपलब्ध रहेको र आपूर्ति निरन्तर भइरहेको बताउनु भएको छ ।

2-Byte- सुजाता शर्मा

**भारत- पश्चिम एशिया- युद्धविराम-स्वागत**

**विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले भन्नुभयो, भारत सधैं शान्तिको समर्थक रहँदै आएको छ र पश्चिम एशियाका प्रयासहरुले युक्रेनमा पनि शान्ति स्थापना गर्न मद्दत गर्ने बताउनु भएको छ।**

**4-Byte- रणधीर जैसवाल**

**केंद्रीय नागरिक उड्डयन मंत्री**

केन्द्रीय नागरिक उड्डयन मन्त्री राममोहन नायडुले घरेलु विमानन कम्पनीहरुको_ लागि राहत उपायहरुको घोषणा गर्नुभएको छ । यसअन्तर्गत ल्यान्डिङ र पार्किङ शुल्कमा २५ प्रतिशतले कटौती गरिएको छ। यो कटौती तत्काल लागू भएको छ र तीन महिनासम्म लागू हुनेछ। वैश्विक इन्धनको मूल्यमा वृद्धि भए पनि भारतीय एयरलाइन्समा बढ्दो सञ्चालन खर्चको दबाब कम गर्न र यात्रीहरूका लागि हवाई यात्रा सस्तो राख्न यो कदम चालिएको हो।

**वाणिज्य एवम् उद्योग मन्त्री पीयूष गोयल**

**वाणिज्य एवम् उद्योग मन्त्री पीयूष गोयलले भन्नुभएको छ -, भारत र अमेरिका साझा लोकतान्त्रिक मूल्यहरूमा आधारित विश्वको सबैभन्दा महत्त्वपूर्ण आर्थिक साझेदारहरू मध्ये एक हो। भारत-अमेरिका व्यापार सहजीकरण पोर्टलको शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्नु हुदै केन्द्रीय मन्त्री श्री गोयलले भन्नुभयो, भारत-अमेरिका साझेदारी विशेष छ र द्विपक्षीय व्यापार द्रुत गतिमा बढिरहेको छ।**

**कृषि एवम् कृषक कल्याण मन्त्री**

कृषि एवम् कृषक कल्याण मन्त्री शिवराज सिंह चौहानले यस महिनाको ११ तारिखदेखि १३ तारिखसम्म मध्य प्रदेशको रायसेनमा तीन दिवशीय राष्ट्रिय कृषि मेला आयोजना गरिने जानकारी दिनुभएको छ। उहाले यस क्षेत्रका सरपंचहरूसँग भर्चुअल माध्यमबाट बातचीत गर्ने क्रममा यस आशय को जानकारी दिनुभएको हो ।श्री सिंहले भन्नुभयो - मेला एक खेल परिवर्तन गर्ने कृषि महाकुम्भ हुनेछ, जहाँ बीज देखि बजारसम्म र बीमादेखि ऋणसम्मका समाधानहरू एकै ठाउँमा उपलब्ध हुनेछन्।

**भूटान -केंद्रीय विद्युत मंत्री**

केन्द्रीय ऊर्जा मन्त्री मनोहरलाल खट्टर जलविद्युतको क्षेत्रमा भारत-भुटान सहयोगलाई सुदृढ पार्न आज देखि चार दिवशीय भूटान भ्रमणमा जाँदै हुनेछ। भ्रमणका क्रममा श्री खट्टरले प्रमुख द्विपक्षीय जलविद्युत् परियोजनाको प्रगतिको समीक्षा गर्ने ऊर्जा मन्त्रालयले जनाएको छ।

**विज्ञान एवं प्रध्यौगिकी मन्त्री**

विज्ञान एवं प्रध्यौगिकी मन्त्री डा. जितेन्द्र सिंहले हिज भारतको क्वान्टम टेक्नोलोजी महत्वाकांक्षामा एक प्रमुख उपलब्धि माथी प्रकाश पार्नुहुदै राष्ट्रिय क्वान्टम मिशनको प्रगतिको समीक्षा गर्नुभयो। मन्त्रीलाई जानकारी दिँदै अधिकारीहरूले भने - एक हजार किलोमिटर क्वान्टम संचार नेटवर्क, विश्वको सबैभन्दा लामो मध्ये एक, मिशनको प्रक्षेपणको दुई वर्ष भन्दा कम समयमा सफलतापूर्वक प्रदर्शन गरिएको छ। स्टार्टअपद्वारा स्वदेशी तकनिकी प्रयोग गरेर विकसित गरिएको यो उपलब्धिले आठ वर्षमा दुई हजार किलोमिटरको मिसनको लक्ष्यमा उल्लेखनीय प्रगति भएको देखाएको छ।

**भारत-इजिप्ट संयुक्त विशेष बल**

भारत-इजिप्ट संयुक्त विशेष बल अभ्यास, साइक्लोन-IV को चौथो संस्करणमा भाग लिनको लागि भारतीय सेनाको एक दल इजिप्ट पुगेको छ। रक्षा मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, यो अभ्यास आज देखि यस महिनाको १७ तारिखसम्म इजिप्टको अन्शासमा हुनेछ।

**महिला एव बाल विकास मंत्रालय - पोषण पखवाड़ा**

महिला एव बाल विकास मंत्रालयले आज देशभरि पोषण पखवाड़ाको 8औ संस्करणको आयोजना गरिरहेको छ । पोषणको महत्व माथी जोर दिनुहुदै प्रधानमंत्री नरेंद्र मोदीले भन्नुभयो -एक स्वस्थ नानीनै एक मजबूत राष्ट्र की नींव हो। उहाले अझ भन्नुभयो -पोषण अभियान केवल एक सरकारी कार्यक्रम होइन तर प्रत्येक आमा र नानी को लागी संपूर्ण पोषण सुनिश्चित गर्नु एक जन आंदोलन हो।पोषण पखवाड़ाको विषय 'जीवनको पहिलो छ वर्षमा मस्तिष्कको अधिकतम विकास' रहेको छ ।

**रक्षा मंत्री राजनाथ सिंह -पश्चिम एशिया घटनाक्रम -बैठक**

रक्षामन्त्री राजनाथ सिंहले हिज नयाँ दिल्लीमा पश्चिम एसियाको घटनाक्रम सम्बन्धी मन्त्रीहरूको समूहको तेस्रो बैठकको अध्यक्षता गर्नुभयो। एक सामाजिक सञ्जाल पोस्टमा श्री सिंहले बैठकमा पश्चिम एसियाको बदलिँदो स्थितिलाई ध्यानमा राख्दै चालिएका कदमहरूको समीक्षा गरिएको बताउनु भयो।